# गण्डकी प्रदेश सभा

## नवौंअधिवेशन

## बैठक संख्या -५

## सूचनापत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८२ साल चैत १६ गते, सोमवार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहानको ११:१२ बजे प्रारम्भ भयो।
तत्पश्चात आकस्मिक समयमा माननीय गोविन्द बहादुर नेपालीले पुर्व प्रधान्मन्त्री केपी शर्मा ओलि र पुर्व गृहमन्त्री रमेश लेखकको गिरफ्तारीको विषयमा आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा माननीय प्रकाश वराल, माननीय भिम बहादुर कार्की र माननीय श्यामराजा महतले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात वन तथा वातावरण मन्त्री माननीय भेष बहादुर पौडेलले विभिन्न मितिमा सभाको बैठकको आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री माननीय प्रकाश बहादुर के.सी.ले विभिन्न मितिमा सभाको बैठकको आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उद्योग तथा पर्यटन मन्त्री माननीय मित्रलाल बस्यालले विभिन्न मितिमा सभाको बैठकको आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात स्वास्थ्य मन्त्री माननीय कृष्ण प्रसाद पाठकले विभिन्न मितिमा सभाको बैठकको आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री माननीय प्रकाश बहादुर के.सी.ले "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" माथिको दफावार छलफल सभामा गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" माथिको दफावार छलफल प्रारम्भ भयो। उक्त दफावार छलफलमा माननीय श्यामराजा महत र माननीय दमयन्ती रुचालले भाग लिनुभयो ।

तत्पश्चात भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री माननीय प्रकाश बहादुर के.सी.ले "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" माथिको दफावार छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो।

तत्पश्चात माननीय सभामुखले विधेयकको दफा २ देखि दफा ४ सम्म "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुभयो।

तत्पश्चात माननीय सभामुखले "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" को अंग बनोस् भनी निर्णयार्थ पस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री माननीय प्रकाश बहादुर के.सी.ले "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" लाई पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त विधेयक सर्वसम्मतिले पारित भयो ।

तत्पश्चात माननीय सभामुखले आगामि बैठक २०८२ साल चैत १७ गते दिनको १ बजे बस्नेगरी दिनको १२:१७ बजे स्थगित गर्नुभयो।

.....................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव